## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र


खण्डः५ संख्याः१ मितिः २०७९।०६।१२


### भाग-२

## मेलौली नगरकार्यपालिको कार्यालयको

## सूचना

## युवा तथा खेलकुद विकास कार्यविधि,२०७९

**प्रस्तावनाः**मेलौली नगर क्षेत्र भित्र रहेका युवाहरुको खेल क्षेत्रका विभिन्न विधामा सहज पहुँच सुनिश्चित गर्दै युवाको सशक्तीकरण तथा क्षमता विकास गरी खेलकुदको माध्यमबाट व्यवसायिक, उद्धमी, स्वरोजगारी बनाई खेलकुद विकास विस्तारमा सकारात्मक सोचसहित सहभागी गराउन तथा संघर्ष,अनुशासन र गतिशिलताको पर्यायको रुपमा रहेको खेलकुद क्षेत्रलाई स्वच्छ,मर्यादित र प्रतिश्पर्धात्मक तवरबाट संचालन गरी हार जितलाई सहज रुपमा लिने परीपाटीको विकास गरी आपसी विश्वास,सहकार्य,समन्वय र मैत्रीपूर्ण सोचसहितको एकताको माध्यमबाट सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा नगर/देशको पहिचान गराउन,गर्न वाञ्छनीय भएकाले मेलौली नगर कार्यपालिकाले नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद १५ को दफा १०२ को उपदफा (१) को अधिनमा रही यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १- प्रारम्भिक

## संक्षिप्त नाम र परिभाषा

### १.संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**मेलौली नगरपालिका युवा तथा खेलकुद विकास कार्यविधि,२०७९**" रहनेछ ।

(२) यो कार्यविधि मेलौली नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"खेलकुद"** भन्नाले मेलौली नगरपालिका भित्र शारीरिक, मानसिक तथा सामाजिक तवरले स्वस्थ बनाउनको लागि आयोजना वा स्वीकृति वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ।

(ख) **"खेलाडी "** भन्नाले विभिन्न विधाका राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ।

(ग) "खेलकुद समिति " भन्नाले यो कार्यविधि बमोजिम गठित मेलौली नगर खेलकुद समितिलाई सम्झनु पर्दछ।

(घ) **"प्रोत्साहन"** भन्नाले खेलाडीलाई दिइने नगद,जिन्सी तथा अन्य उपहार सम्मान,पुरुष्कारलाई सम्झनु पर्दछ।

(ङ) **"युवा"** भन्नाले १८ देखि ४० वर्ष उमेर समूहका युवालाई सम्झनु पर्दछ।

(च) **"नगरपालिका"** भन्नाले मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

### मेलौली खेलकुद समितिको गठन तथा काम कर्तव्य र अधिकार

३. **मेलौली नगर खेलकुद समितिको गठन** : (१) देहाय बमोजिम मेलौली नगर खेलकुद समितिको गठन ७ सदस्यीय हुनेछः

क) **अध्यक्ष-** जिल्ला खेलकुद समितिले मनोनित गरेको व्यक्ति- १ जना

ख) **सदस्य-** ईलाका प्रहरी कार्यालयका प्रतिनिधि-१ जना

ग) खेलकुदसँग सम्बन्धित व्यक्तिहरु वा राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतियोगितामा पदक विजेता खेलाडीहरु मध्येबाट जिल्ला खेलकुद समितिले मनोनित गरेको कम्तिमा एक जना महिलासहित -३ जना

घ) **सदस्य-**अपाङ्गता भएका खेलाडी मध्येबाट नगर खेलकुद समितिले मनोनित गरेको -१ जना

ङ) **सदस्य सचिव-** शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख- १ जना

(२) उपदफा १ को खण्ड (क) बमोजिमको पदाधिकारीको मनोनयन खेलकुदसँग सम्बन्धित व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाले सिफारिस गरेका बढीमा ३ जना मध्येबाट जिल्ला खेलकुद समितिले गर्नेछ।

(३) उपदफा १ को खण्ड (ग) बमोजिमको पदाधिकारीको मनोनयन खेलकुदसँग सम्बन्धित व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाले सिफारिस गरेका कम्तिमा २ जना महिलासहित ६ जना मध्येबाट जिल्ला खेलकुद समितिले गर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको पदाधिकारीहरुको सिफारिस तथा मनोनयन गर्दा समानुपातिक समावेशी प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार अन्य विज्ञ तथा व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

(६) नगर खेलकुद समितिले व्यक्ति सरह आफ्नो नामबाट उजुर तथा प्रतिरक्षा गर्न सक्नेछ। समिति उपर पनि सही नामबाट व्यक्तिसरह उजुर लाग्न सक्नेछ।

(७) नगर खेलकुद समितिको कार्यालय मेलौली नगरपालिका नगर कार्यापालिकाको कार्यालयमा रहनेछ।

(८) नगर खेलकुद समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**४. खेलकुद समितिको काम,कर्तव्य र अधिकारः (१) खेलकुद समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

क) नगरपालिकाले तोकेको बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने

ख) विभिन्न विधाको प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने

ग) अन्य गाउँपालिका वा नगरपालिकाले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा मेलौली नगर क्षेत्रभित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजि क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदारी बनाउने,

ङ) मेलौली नगरपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडिहरुको पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई पेश गर्ने

च) खेलकुदको विकासका लागि संघीय सरकार,प्रदेश सरकार र अन्तर स्थानीय सरकारसँग सम्पर्क,समन्वय र सहकार्य गर्ने

छ) नगरपालिकाको परामर्शमा वार्षिक योजना बनाई पेश गर्ने

ज) मेलौली नगरलाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

झ) खेलकुद विकासका लागि योजना बनाई नगरपालिकाको स्वीकृतिमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने,

ञ) नगरपालिकाले तोकेका अन्य कार्य गर्ने,

ट) ७-११ जना सदस्य रहने गरी विषयगत नगर खेलकुद विकास समिति गठन गर्न सक्ने,

ठ) ७ देखि ९ जना सदस्य रहने गरी वडा स्तररीय खेलकुद समिति गठन गर्न सक्ने,

ड) खेलकुदका कार्यक्रममा दोहोरोपना आउन नदिनका लागि कार्य गर्ने,

ढ) नगर क्षेत्रभित्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीलाई प्रोत्साहन गर्ने,

ण) खेलमैदान तथा खेलक्षेत्र संरक्षण तथा निर्माण सम्बन्धी कार्ययोजना बनाई पेश गर्ने,

त) बाल विकास समूह,ज्येष्ठ नागरिकहरुलाई समेत खेलको माध्यमबाट स्वस्थ तथा तन्दुरुस्त गराउने,

थ) खेलकुद व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने,

**(२) नगर खेलकुद समितिको कोष स्थापना र संचालनः**

क) नगरपालिकामा नगर खेलकुद समितिको एक छुट्टै कोष रहनेछ।

ख) उपदफा २ को खण्ड ( क) बमोजिमको कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

ग) कोषमा देहायबमोजिमका रकम रहनेछः

अ) नगरपालिकाबाट प्राप्त रकम

आ) खेलकुद पूर्वाधार उपयोग गर्न दिए बापतको रकम

इ)कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम र कानून बमोजिम अन्य स्रोतबाट प्राप्त रकम

घ) नगर खेलकुद समितिको नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिने छ।

ङ) नगर खेलकुद कोषमा रहने रकम नगर पालिकास्थित **"क"** वर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

च) नगर खेलकुद समितिको कोषको रकमबाट नगर खेलकुद समितिले आयोजना गर्ने खेलकुद कार्यक्रममा सहयोग गर्न सकिनेछ।

**५. खेलकुद समितिका सदस्यहरुलाई हटाउन सकिनेः**खेलकुद समितिका कुनै सदस्यको काम चित्त बुझ्दो नभएमा यस समितिको सिफारिसमा नगर कार्यपालिकाले त्यस्तो सदस्यलाई कुनै पनि बेला हटाउन सक्नेछ। हटाउनु अघि त्यस्तो सदस्यलाई सफाइको मौका दिइनेछ।

**६. खेलकुद समितिको कार्यकाल** : नगर खेलकुद समितिका मनोनित पदाधिकारी वा सदस्यको पदावधि ४(चार) वर्षको हुनेछ।

**७. वार्षिक प्रतिवेदन पेश गर्ने**ः खेलकुद समितिले आफ्नो काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

ख) प्रतिवेदनमा आएका विषयहरुलाई नगरपालिकाले बुलेटिन मार्फत सार्वजनिक गर्नेछ।

**८. खेलकुदको संरक्षण,संवर्धन र प्रवर्द्धनः**

क) समग्र विधाको खेलकुदको संरक्षण,सम्बर्धन,प्रवर्द्धन र विकास गर्ने दायित्व नगरपालिकाको हुनेछ।

ख) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिविधि तथा गरिने कार्य यसै कार्यविधि बमोजिम गठित समितिले गर्नेछ।सो कार्यका लागि नगरपालिकाले आवश्यक बजेट व्यवस्थापन गर्नेछ।

**९. खेलकुद संरक्षण समितिः**

१) समग्र विधाको खेलकुदको संरक्षण,सम्बर्धन र प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ।

क) संरक्षक-नगर प्रमुख (१जना)

ख) सदस्य-सामाजिक विकास समितिको संयोजक (१ जना)

ग) सदस्य-नगरसभा सदस्यहरु मध्येबाट २ जना मध्ये एक जना महिला ( २ जना)

घ) सदस्य- ईलाका प्रहरी कार्यालय प्रमुख (१ जना)

ङ) सदस्य-नगर कार्यपालिकाले तोकेको प्रतिष्ठित खेलकुद क्षेत्रबाट (१ जना)

च) सदस्य सचिव-प्रमुख प्रशासकीय अधिकृत (१ जना)

२) खेलकुद संरक्षण समितिले खेलकुद समितिलाई निर्देशन दिन सक्नेछ। उक्त निर्देशनलाई पालना गर्नु खेलकुद समितिको कर्तव्य हुनेछ।

## परिच्छेद ३

### आचारसंहिता

**१०. आचारसंहिताः** खेल सम्बन्धी विषयका खेलाडी,समिति अध्यक्ष तथा सदस्य,कर्मचारी, नगरकार्यपालिका र सभासदले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछः-

(क) खेलका निर्णायक,खेलाडी,दर्शक,आयोजक र कसैले पनि खेल सञ्चालनको समयमा कुनैपनि प्रतिबन्धित लागु औषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी बनाउन पाइने छैन ।तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई आमन्त्रण गरिनेछ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ। तर कोचिङ कक्षा सञ्चालन गर्दा दर्ता नभएको टिमलाई पनि सामेल गराउन सकिनेछ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ साथै खेलमा सहभागिता समेत गराइने छैन।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड,ट्रफी कहिँ कतै बेच्न,धरौटी राख्न वा उपहार दिन पाइने छैन ।तर कुनै दर्तावाल क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड,ट्रफी नगरपालिकाको स्वीकृतिमा अर्को दर्तावाल क्लवलाई उपहार दिन भने वाधा पर्ने छैन।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधीनमा राख्न पाइने छैन। तर संरक्षण गर्न बाधा पर्ने छैन।,

(छ) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्षलिई क्ल्यापिङ,हुटिङ,अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाउनेछन् तर विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन,चित्रकारिता,हुटिङ व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन।

(ज) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारीक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।

(झ) खेलको प्रतिस्पर्धाका निम्ति नगरपालिकाको स्वीकृति र इजाजत विना आफ्नो टिमको नाममा जवरजस्ती चन्दा उठाउन पाइने छैन।

(ञ) नगरपालिकाको स्वीकृति वा इजाजत लिई उठाएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाइ सम्बन्धित क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट)यस अघि नै अन्यत्र दर्ता भएका वा नगरपालिकामा स्वीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन्।

**११. सौजन्यता** : दर्तावाला संस्थाहरुले कसैको सौजन्यमा कुनै खेल सञ्चालन गर्न नगरपालिकाको पूर्वस्वीकृति लिनु पर्नेछ तर नगरपालिकाले स्वीकृति नदिएको खण्डमा भने व्यक्ति वा संस्थाको सौजन्यताबाट प्राप्त नगदी,जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल सञ्चालन गर्न वाधा पर्ने छैन।

**१२.<u>खेलकुदको प्राथमिकीकरणः</u>** नगरपालिकाले देहाय बमोजिमको खेललाई प्राथमिकतामा राखी खेलकुद सम्बन्धी क्रियाकलाप संचालन गर्नेछः-

क)भलिबल

ख) क्रिकेट

ग) एथेलेटिक्स

घ)कबड्डी

ङ) फुटबल

च) तेक्वान्दो

छ)कराँते

ज)बक्सिङ

झ)पौडी

ञ) खेलकुद समितिले तोकेका अन्य खेलहरु।

## परिच्छेद—४

## दर्ता नवीकरण र विघटन

१३. दर्ता र स्वीकृतिः

क) नगर कार्यालिकाका भित्र गठित कुनै पनि संघ संस्था वा क्लव वा खेलकुदसंग सम्बन्धित संस्था नगरपालिकामा दर्ता गर्नु पर्नेछ। खेलकुदसँग सम्बन्धी दर्ता नभएका संस्था वा क्लवलाई खेल सञ्चालन गर्न नगरपालिकाले स्वीकृति दिने छैन।

ख) संस्था दर्ता र विधान स्वीकृतिको लागि अनुसूचि-१ को ढाँचामा निवेदन दिइनु पर्नेछ।

ग) संस्था दर्ता र विधान स्वीकृतिको लागि निवेदन पर्न आएमा नगरपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ। सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

घ) पहिले नै दर्ता भइसकेको संस्था भए नगरपालिकामा सूचिकृतको लागि अनुसूचि-३ को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ।

ङ) सूचिकृत भएका संस्थाहरुलाई अनुसूची-४ बमोजिम प्रमाणपत्र दिइने छ। सोही प्रमाणपत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नुपर्नेछ।

च) दर्ता वा सूचिकृत भएका संस्थाको नवीकरण गर्न दिइने निवेदन अनुसूची-५ बमोजिमको ढाँचामा हुनुपर्नेछ।

छ) नगरपालिकामा दर्ता वा सूचिकृत गर्दा आवेदन फारम शूल्क स्वीकृत आर्थिक ऐन बमोजिम हुनेछ।

ज) प्रत्येक वर्षको असार मसान्त भित्र सबै दर्तावाल वा सूचिकृत संस्थाहरुले नगरपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ।

**१४. जरिवाना** : दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नगराएमा नवीकरण नगरपालिकाको स्वीकृत आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ।

**१५. पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचिबाट हटाइने छ। यसरी समयमै नवीकरण नगरी दर्ताको सूचिबाट हटिसकेको संस्थामा संलग्न कार्यकारी समितिका व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन।**

**१६. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ।**

**१७. संस्थाको विघटनः** दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन्

क) संस्थाका दुई तिहाई बहुमतले संस्था विघटन गर्ने भनी निर्णय गरेमा,

ख) लगातार ५ वर्ष सम्म संस्था नवीकरण नगरेमा,

ग) संस्थाका पदाधिकारी निस्कृय भएमा वा वेपत्ता भएमा,

घ) प्राकृतिक विपत्तिको काररणबाट संस्था क्षत विक्षत भएमा

**१८. विघठित संस्थाको सम्पत्ति :** विगठित भएको संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ।

**१९. खारेजी र बचाऊ** : यस अघि प्रचलित खेलकुद सम्बन्धी निर्णयहरु खारेज हुनेछन् । यसअघि भएका खेलकुदका गतिविधिहरु यसै कार्यविधि बमोजिम भएको मानिने।

**२०. अनुसूचिमा थपघट वा हेरफेरः** नगर कार्यपालिकाले नगर राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ।

(दफा १३ को उपदफा (ख) सँग सम्बन्धित)

# अनुसूची-१

मितिः

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**मेलौली नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,**
**मेलौली,बैतडी।**

विषयः संस्था दर्ता सम्बन्धमा।

म/हामीले तपसिलमा उल्लेखित विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधानसमेत तयार गरीसकेकोले एक प्रति विधान यसै निवेदनसाथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं।

नियमानुसार संस्था दर्ता गरिदिन हुन अनुरोध छ।

संस्थाको नामः-...............................................................................

संस्थाको कार्यालय रहने स्थानः मेलौली नगरपालिका वार्ड नं........

टोलको नामः

सचिव अध्यक्ष

नामः............................................ नामः.......................................

**निवेदन साथ पेस गर्नु पर्ने कागजातहरु**

क.संस्थाको विधानको मस्यौदा,

ख.आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि,

ग.संस्थाको छापको नमूना।

(दफा १३ को उपदफा (ग) सँग सम्बन्धित)

# अनुसूची-२

# मेलौली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# मेलौली,बैतडी।

# संस्था दर्ता प्रमाणपत्र

**संस्थाको नामः.....................................**

**ठेगानाः..................................................**

दर्ता हुँदाको समयमा रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्याः

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाणपत्र तयार गरिएको छ।मेलौली नगर खेलकुद विकास कार्याविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमती दिइएको छ।

...............

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| सि.नं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | न.पा.को छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(दफा १३ को उपदफा (घ) सँग सम्बन्धित)

**अनुसूची-३**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
मेलौली,बैतडी।

विषयः संस्था सुचिकृत गरिदिन हुन।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं। नगरपालिकाको नियमानुसार गरिदिन अनुरोध गर्दछौं।

**संलग्न कागजातहरुः**

क. **दर्ता प्रमाणपत्र**

ख. **संस्थाको विधान**

ग. **गत आ.व.को लेखापरीक्षण**

घ. **कर चुक्ता प्रमाणपत्र**

ङ. **समितिको निर्णय**

**सचिव**

**अध्यक्ष**

नामः................................ नामः..................................

हस्ताक्षरः...........................हस्ताक्षर.................................

मितिः................................ मितिः....................................

दफा १३ को उपदफा (ङ) सँग सम्बन्धित)

## अनुसूची-४

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली,बैतडी

## संस्था सुचिकृत प्रमाणपत्र

संस्थाको नामः....................................................

ठेगानाः.............................................................

दर्ता हुँदाको समयमा रहनु भएको अध्यक्षको नामः

माथि उल्लेखित विवरण भएको संस्था सूचिकृत गरी प्रमाणपत्र प्रदान गरीएको छ। मेलौली नगर खेलकुद विकास कार्यविधि र विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्न अनुमती दिइएको छ।

.................................
प्रमुख प्रशासकीय अधिकृत

# संस्था नवीकरणको विवरण

| सि.नं. | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही | न.पा.को छाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

(दफा १३ को उपदफा (च) सँग सम्बन्धित)

अनुसूची-५

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
मेलौली नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
मेलौली,बैतडी।

विषयः संस्था नवीकरण गरी पाउँ।

..........................नामक संस्था यस नगरपालिकामा दर्ता/सुचिकृत भई खेलकुद खेलकुद सम्बन्धी गतिवधिहरु संचालन गरीरहेको हुँदा तपसिल बमोजिमका कागजपत्र संलग्न राखी नवीकरण गरी पाउँ भनी निवेदन गर्न आएको छु।/छौं।

अतः आर्थिक वर्ष...........................को संस्था नवीकरण भएको प्रमाणका साथ आवेदन गरेको छु।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

**क.आर्थिक वर्ष ............को लेखापरीण,**

**ख.संस्थाको वार्षिक गतिविधि,भावी योजना र बजेट।**

......................

निवेदक

प्रमाणीकरण मितिः २०७९ असोज १२ गते बुधबार।

**आज्ञाले,**

**जगदिश प्रसाद जोशी**

**प्रमुख प्रशासकीय अधिकृत**